# १ अध्यात्मिक व्यभिचार होशे

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* होशे १:१-३, इजकिएल ४:१-६, होशे २:१२-१८, होशे ४:१-३, याकूब ५:१-७, प्रकाश १४:६-१२।

***<u>स्मरण गर्नुपर्ने पद:</u>*** **"यही देशमा म मेरो प्रजालाई बसाल्नेछु र त्यहाँ तिनीहरूको फलिफाप हुनेछ। माया नगरिएकीलाई म मेरो माया देखाउनेछु, 'मेरो प्रजा होइन भन्नेलाई "तिमीहरू मेरा प्रजा हौ," भन्नेछु। र तिनीहरूले "तपाईं हाम्रा परमेश्वर" भन्नेछन्।" (सरल नेपाली बाइबल)।**

***<u>मूल सोच:</u>*** **परमेश्वरका जनहरू उहाँप्रति बफादार भएका थिएनन्। तिनीहरू उहाँप्रति आस्थाहीन भएका थिए। यद्यपि, उहाँका जनहरूप्रति परमेश्वरको प्रेम कहिलै पनि विफल हुँदैन।**

इस्राएली इतिहासको अत्यन्त सफल युगमा परमेश्वरको अगमवक्ता होशेले काम गरिरहेका थिए। तर तिनी त्यस सफल युगको अन्त्यमा थिए। ईशापूर्व ७२२मा इस्राएल राज्य विदेशी शक्ति असेरियाको हातमा पर्नुभन्दा अघिको समय थियो। त्यस समयमा परमेश्वरले चुन्नुभएका जनहरूले उहाँको मात्र आराधना गरेका थिएनन्। कनानको मूल देवता बाललाई पनि तिनीहरूले पूजाआजा गरेका थिए।

कम नाउँ चलेका अगमवक्ताहरूले लेखेका श्रृखलाबद्ध तरिकाले लेखेका किताबहरूमा होशेको पुस्तक प्रथम् थियो। त्यसबेला इस्राएलीहरू परमेश्वरबाट फर्किएर गइरहेका थिए। परमेश्वरलाई भन्दा पाप गर्न तिनीहरू रूची देखाएका थिए। त्यस्तो समयमा कतिपयले एउटा मूल प्रश्न गरिरहेका थिए: परमेश्वरबाट फर्केर गएतापनि के उहाँले इस्राएललाई अझ माया गर्नुहुन्छ? उहाँको विरुद्धमा पाप गरेतापनि के ती जनहरूप्रति परमेश्वरको लक्ष्य कायमै छ त?

होशेको पुस्तकमा उनको व्यक्तिगत कहानीलाई भविष्यवाणीसँग गाँसिएको पाइन्छ। आफूलाई विश्वासघात गरेर अन्तै पोइलो गएकी श्रीमतीलाई आफूतिर फर्काउन त्यस अगमवक्ता राजी भएका थिए।

त्यही तरिकाले परमेश्वरले पनि आफ्ना जनहरूलाई क्षमा दिन इच्छुक हुनुहुन्छ।

होशेको अनुभवबाट हामी के सिक्नसक्छौं? परमेश्वरबाट पछि हटेर गएका इस्राएलीहरूलाई सदाशयता देखाएर उहाँले जुन व्यवहार गर्नुभएको थियो त्यसबाट हामी के सिक्नसक्छौं?

## १. अनौठो निर्देशन (होशे १:२,३)

पोइलो गएकी श्रीमती गोमरलाई फेरि फर्काएर ल्याउनु भनेर परमेश्वरले होशेलाई निर्देशन दिनुभएको थियो (होशे १:२,३)। सयौं वर्षसम्म बाइबलका बुद्धिजीवीहरूले त्यस आज्ञाको बारेमा तर्कवितर्क गरेका थिए। तिनीहरूले यस्ता प्रश्नहरू गरेका थिए: के गोमर वेश्या थिइन्? वा के उनी सतित्वमा बस्नमात्र नचाहेकी थिइन्? होशेले उनलाई विवाह गर्नुभन्दा अघि के उनी त्यस्तै चञ्चल थिइन? वा होशेसँग विवाह गरेपछि तिनीप्रति निष्ठावान हुन छोडेकी थिइन् त?

ती सबै जिज्ञासाहरूको जवाफ हामीमा छैन। तर एउटा कुरामा हामी यकिन हुनसक्छौं। जब परमेश्वरले होशेसँग कुराकानी गर्नुभयो तब उनको जीवन कहानीबाट इस्राएलीहरूले परमेश्वरतिर फर्कुन् भन्ने उहाँको चाहना भएको पाइन्छ। होशेको पत्नी गोमर गैर-इस्राएली नभएर यहूदी जातिकै थिइन्। त्यसकारण परमेश्वरले इस्राएलीहरूसँग जुन करार बाँध्नुभएको थियो त्यो करार कस्तो थियो भनेर अगमवक्तासँग गोमरको विवाह भएको कथाले देखाएको पाइन्छ।

इस्राएलीहरूसँग परमेश्वरको अनुभव कस्तो थियो भनेर थाहा पाउन होशेको कथासँग तुलना गरियो भने राम्रोसँग थाहा पाउन सकिन्छ। मानविय स्तरमा गोमर होशेको निम्ति विश्वासघाती पत्नी थिइन्। आत्मिक रूपमा हेर्ने हो भने इस्राएलीहरूले पनि परमेश्वरलाई विश्वासघात गरेका थिए। परपुरूष गमन गरेर गोमरले आफ्नो श्रीमानको हृदयमा पिडा ल्याएकी थिइन्। त्यसरी नै इस्राएलीहरूले आफ्नै हातले सृजिएका देवीदेवताहरूलाई पूजाआजा गर्दा परमेश्वरको महान् हृदयमा ठूलो चोट पुऱ्याएका थिए। टुक्रिएको हृदय र टुक्रिएको विवाहको मामिलामा होशे फसेको थियो। परमेश्वरको अगमवक्ता भएतापनि आफ्नो श्रीमतीको कारणले सार्वजनिकमै अपमान र लाज खप्न परेको थियो। जति धेरै होशेले आफूप्रति बफादार नभएको श्रीमतीको अनुभव बटुले

त्यत्ति नै इस्राएली जनहरूसँग परमेश्वर पनि कत्तिको निराश हुनुभएको रहेछ भनेर उनले बुझ्न पुगेका थिए। आफ्नो पिडालाई परमेश्वरको पिडासँग उनी परिचित हुन पुगेका थिए।

**परमेश्वरले कतिपय अगमवक्ताहरूलाई केवल प्रचारमात्र होइन केही काम गरेर नै देखाऊ भनेर निर्देशन दिनुभएको थियो। अगमवक्ताहरूलाई विभिन्न चर्तिकला गर्न निर्देशन दिएर आफ्ना जनहरूप्रति परमेश्वरको हृदयमा कस्तो चोट परेको थियो र उहाँले तिनीहरूलाई के गर्नुहुनेछ भनेर उहाँले बुझाउन खोज्नुभएको थियो। हेर्नुहोस्ः यशैया २०ः१-६, यर्मिया २७ः१-७ र इजकिएल ४ः१-६।**

**तपाईंको वचनबाट मात्र नभएर तपाईंको क्रियाकलापबाट पनि परमेश्वरको निम्ति तपाईं कसरी गवाही बन्नुभएको छ? तपाईं येशूको अनुयायी हुनुहुन्छ भनेर तपाईंको जीवनले कसरी देखाइरहेको छ?**

## २. आत्मिक व्यभिचार (होशे २ः८-१३)

**वैवाहिक** दाम्पत्य जीवनमा एक अर्काप्रति निष्ठावान हुने प्रतिबध्दतालाई होशेको श्रीमती गोमरले लत्याइ दिएकी थिइन्। त्यसले गर्दा होशे लाजमर्दो हुनुपर्‍यो। गोमरको चर्तिकलाले होशेको हृदयमा पिडा ल्याएको थियो। होशेको पिडा देखेर उनलाई सान्त्वना दिन आउने छिमेकी र मित्रहरूलाई परमेश्वरको यस्तो सन्देश सुनाइ दिएः "मेरी पत्नीमात्र होइन, परमेश्वरको धर्मपत्नी बनेको इस्राएल पनि गोमरले जस्तै चर्तिकला देखाइरहेका छन्। परमेश्वरबाट चुनिएका जनहरूले आत्मिक व्यभिचारी वा दुराचारी भइरहेका छन्।"

आफ्ना जनहरूलाई चाहिएको सबै थोक परमेश्वरले पुर्‍याइ दिनुभएको थियो। तैपनि तिनीहरू परमेश्वरदेशि संतुष्टी थिएनन्। तिनीहरूले धेरै प्रेमिकाहरूसँग लसपस गरे। ती विश्वासघाती परमेश्वरका जनहरूलाई "वेश्या" भनेर अगमवक्ता यर्मियाले सरासर सम्बोधन गरेका थिए (यर्मीया ३ः१ सरल नेपाली बाइबल)। त्यसरी नै मूर्तीपूजा गर्ने इस्राएलीहरू आफ्नो धर्मपतीलाई त्याग्ने "व्यभिचारी पत्नी" भनेर इजकिएलले सम्बोधन गरेका थिए। इजकिएल १६ः३२मा यसरी लेखिएको छः " तँ आफ्नो लोग्नेलाई नरुचाई अरू नचिनेका मानिसहरूसँग व्यभिचार गर्न रुचाउँछेस्।" (सरल नेपाली बाइबल)। त्यसैकारणले विभिन्न देवीदेवताहरूको मूर्ती बनाइ तिनीहरूको पूजाआजा

गरी ढोग्नुलाई प्रायजसो बाइबलले स्पष्ट रूपमा आत्मिक व्यभिचारी भनेर सम्बोधन गरेको पाइन्छ।

**होशे २:८-१३मा दिएको चेतावनीलाई हामीले के भन्ने? विशेष गरेर परमेश्वरको सेवाकाई र उहाँको विशेष सुसमाचार प्रचार गर्ने झुण्ड हौं भनेर दावी गर्ने हामी सेभेन्थ-डे एडभेन्टिस्ट मतका इसाईहरू त्यही भुमरीमा नपर्न कसरी चनाखो हुनुपर्दछ? हेर्नुहोस्: "८ अन्न, दाखमद्य, जैतुनको तेल, सुन र चाँदी दिने म नै हुँ भनी त्यसले कहिल्यै मानेकी छैन जुन कुराहरू त्यसले बाल-देवताको पूजामा चढाएकी थिई। ९ यसकारण मैले त्यसलाई दिएका अन्न र दाखमद्य अनि पहिरन दिएका ऊन र मिहिन सुतीका वस्त्रहरू कटनीको समयमा खोस्नेछु। १० त्यसका प्रेमीहरूका अघि म त्यसको लुगा फुकालेर नाङ्गो पार्नेछु र कसैले त्यसलाई मेरो हातबाट बचाउन सक्नेछैन। ११ त्यसका सबै उत्सवहरू- औंसीको वार्षिक चाड-पर्व र विश्राम-दिनका खुसीयाली र धार्मिक सभाहरू म बन्द गरिदिनेछु। १२ त्यसका दाखबारी र नेभाराघारीहरू, जुन आफ्ना प्रेमीहरूको सेवा गरेर मैले पाएको हुँ भनी त्यसले भन्छे, म नाश पारिदिनेछु। म त्यसका दाखबारीहरू र फलका बगैंचाहरू उजाड पारिदिनेछु, जङ्गली जनावरहरूले ती नाश पार्नेछन्। १३ जुन समयमा त्यसले बाल-देवतालाई धूप चढाएकी थिई र गरगहनाले सजिएर आफ्नो प्रेमीहरूका पछि लागी र मलाई बिर्सी, त्यसको निम्ति म त्यसलाई दण्ड दिनेछु। परमप्रभु बोल्नुभएको छ" (सरल नेपाली बाइबल)।**

"अन्न, नयाँ दाखमद्य र तेल" भन्ने शव्दहरू व्यवस्था ७:१२:१४मा पनि प्रयोग गरेको छ। इस्राएलका मूल खेती उत्पादनलाई बुझाउनको लागि ती शव्दहरू प्रयोग गरेको पाइन्छ। मोसाद्वारा प्रतिज्ञा गरिएको अनुसार ती उत्पादनहरूलाई परमेश्वरले उपहारको स्वरूपमा उहाँका जनहरूलाई दिनुभएको थियो। तर होशेको समयमा ती जनहरू परमेश्वरप्रति अत्यन्त कृतघ्न भएका थिए अर्थात् उहाँप्रति आभारित भएनन्। आफ्ना वरिपरि रहेका संसारका चालामालामा तिनीहरू यसरी गाभिएका थिए कि परमेश्वरलाई दिनुपर्ने आराधना, भेटी तथा उपहारहरू उहाँको सट्टामा असत्य मूर्तीहरूलाई चढाइरहेका थिए। येशूका भक्त हौं भन्ने दावी गर्ने हामी प्रत्येकलाई त्यो चेतावनीको रूपमा आत्मसात् गर्नुपर्दछ: हामीहरूका आराधना, भेट र

उपहारहरू जीवित परमेश्वरलाई चढाउनुपर्दछ। तिनीहरूलाई कहिलै पनि गलत ढँगमा प्रयोग गर्नुहुन्न (मत्ती ६:२४)।

"यदि परमेश्वरले दिनुभएका आशिषहरूलाई हामीले बेवास्ता गऱ्यौं वा सराहना गरेनौं भने उहाँको भावनामा कस्तो चोट परिरहेको होला, के तपाईं त्यसप्रति संवेदनशील हुनुभएको छ? फेरि उहाँले हामीलाई दिनुभएको वरदान वा शिपहरू गलत ढँगमा प्रयोग गऱ्यौं भने हामीहरूका हृदय र हातहरू उहाँको खिलाफमा चलाइरहेकाछौं भनेर देखाउँदछ। दिनदिनै र वर्षैपिच्छे परमेश्वरबाट पाइरहेका दयालु वरदान वा उपहारहरूलाई दुरूपयोग गऱ्यौं भने आफ्नो जीवन दिएर मानिसहरूलाई उद्धार दिन चाहनुहुने प्रभु येशूको अबमूल्यन हामीले गरिरहेकाछौं भनेर प्रमाणित गर्दछ। मानिसहरूलाई अनेक किसिमका दक्षता, वरदानहरू परमेश्वरले उहाँको कामको निम्ति दिनुभएको हो ताकि उहाँको राज्यको निर्माण होस्। तर कतिपयले आफ्नो दक्षता अनुसार कमाएका धनसम्पत्तिले जग्गाजमिन र महलहरू थुपार्दै गएको पाइन्छ। त्यसले तिनीहरूको अहँ र स्वार्थलाई निर्माण गर्न सहयोग गरिरहेको हुन्छ। परमेश्वरलाई भन्दा धनसम्पत्ति जुट्ने नियतमा तल्लिन हुँदा विस्तारै तिनीहरूले उहाँलाई बिर्सन थाल्दछ।"-एलेन जी ह्वाइट, *एडभेन्टिस्ट रिभ्यु आण्ड शाबथ हेराल्ड,* डिसेम्बर ७, १८८६बाट रूपान्तरित।

**परमेश्वरले तपाईंलाई दिएका वरदान वा दक्षताहरूलाई स्वार्थको निम्ति वा गलत ढँगमा प्रयोग गर्न कसरी सजिलो छ सो सोच्नुहोस्। त्यस्ता पापबाट हामी बच्न कस्ता कस्ता उपायहरू हामीले अपनाउनुपर्दछ?**

## ३. पुनःप्रतिष्ठापनको प्रतिज्ञा (होशे ३:१,२)

**होशे २ अध्यायमा आफ्ना जनहरूको निम्ति परमेश्वरको मूल सन्देश के हो भनेर देखाइएको छ? त्यस अध्यायमा सुसमाचार कसरी देखाइएको छ? २०**

**१ "तिमीहरू आफ्ना भाइहरूलाई 'मेरा मानिसहरू र बहिनीहरूलाई 'मेरा प्रिय भन। २ "आफ्नी आमालाई हप्काओ, त्यसलाई हप्काओ, किनकि त्यो मेरी पत्नी होइन, र म त्यसको लोग्ने होइनँ। त्यसले आफ्नो अनुहारबाट व्यभिचारीको रूप र आफ्नो स्तनहरूका**

बीचबाट विश्वासघातलाई हटाओस्, ३ नत्रता म त्यसका लुगाहरू उतारेर त्यो जन्मेको दिनमा जस्तै त्यसलाई नाङ्गै पार्नेछु, र खड़ेरी परेको मरुभूमिजस्तै बनाइदिनेछु र तिर्खाले मार्नेछु। ४ त्यसका छोराछोरीहरूमाथि पनि म टिठ्याउनेछैनँ, किनकि तिनीहरू व्यभिचारका सन्तान हुन्। ५ तिनीहरूकी आमाले विश्वासघात गरेकी छ र तिनीहरूलाई अपमानमा गर्भधारण गरेकी छे। त्यसले भनी, 'मेरा प्रेमीहरूका पछि म लाग्नेछु, जसले मलाई मेरो अन्नपानी, ऊन, सूती कपड़ा, तेल र दाखमद्य दिन्छन्। ६ यसकारण काँढ़े झाँगले त्यसको बाटो म रोकिदिनेछु, र त्यसलाई पर्खालभित्र थुनिदिनेछु र त्यसले बाटो पाउनेछैन। ७ त्यो आफ्ना प्रेमीहरूका पछिपछि कुद्नेछ, तर त्यसले तिनीहरूलाई भेट्टाउनेछैन। त्यसले तिनीहरूलाई खोज्नेछ, तर तिनीहरूलाई पाउनेछैन। तब त्यसले भन्नेछे, 'म मेरा पहिलेकै लोग्नेकहाँ फर्केर जानेछु, किनकि त्यस बेला मेरो अवस्था अहिलेको भन्दा असल थियो। ८ मैले नै त्यसलाई अन्न, नयाँ दाखमद्य र तेल दिएको थिएँ, र मैले नै त्यसमाथि सुन र चाँदी खन्याएको थिएँ भन्ने कुरा त्यसले मानिलिइन— जुन तिनीहरूले बाल देवताको निम्ति प्रयोग गरे। ९ "यसकारण अन्न पाक्दा मेरो अन्न, र नयाँ दाखमद्य तयार हुँदा मेरो दाखमद्य म लगिहाल्नेछु। अनि त्यसको नग्नतालाई ढाक्ने मेरो ऊन र सूती कपड़ा खोसेर लैजानेछु। १० अब म त्यसकै प्रेमीहरूका नजरको सामु त्यसको छाड़ापन उघार्नेछु, र कसैले त्यसलाई मेरो हातबाट छुटाउनेछैन। ११ म त्यसका सबै उत्सवहरू, त्यसका औंसीका चाड़हरू, त्यसका सबै शबाथदिनहरू र त्यसका सबै ठहराएका भोजनहरू रोकिदिनेछु। १२ म त्यसका दाखका बोट र त्यसका अञ्जीरका रूखहरू उजाड़ पारिदिनेछु। तिनका विषयमा त्यसले भनेकी छ, 'यी मेरा प्रेमीहरूले दिएका मेरा ज्याला हुन्÷। म ती बोटहरूलाई एउटा झाड़ी तुल्याइदिनेछु, र वनजन्तुहरूले ती खाइहाल्नेछन्।१३ बाल देवताहरूका निम्ति धूप हालेकी हुनाले म त्यसलाई दण्ड दिनेछु। त्यस बेला त्यो गरगहना पहिरेर आफ्ना प्रेमीका पछिपछि गई, र मलाई बिर्सेकी थिई," परमप्रभु घोषणा गर्नुहुन्छ। १४ "यसैकारण अब म त्यसलाई फकाएर मरुभूमिमा लानेछु, र त्यससित मायालु कुरा गर्नेछु। १५ त्यहाँ म त्यसलाई त्यसका दाखबारीहरू फिर्ता गर्नेछु, र आकोरको बेंसीलाई चाहिँ आशाको ढोका तुल्याइदिनेछु। त्यहाँ त्यसले आफ्नो युवावस्थाका दिनमा

जस्तै र मिश्रदेशबाट आएको दिनमा झैं गीत गाउनेछ। १६ परमप्रभु घोषणा गर्नुहुन्छ, "त्यस दिन तैंले मलाई 'मेरा लोग्ने भन्नेछस्, र 'मेरा मालिक भन्नेछैनस्। १७ म बाल देवताहरूका नाउँ त्यसको मुखबाट हटाइदिनेछु, र तिनीहरूका नाउँको उच्चारण फेरि कहिल्यै हुनेछैन। १८ त्यस दिन म तिनीहरूका निम्ति वनका पशुहरू र आकाशका पन्क्षीहरू र जमिनमा घस्रने जन्तुहरूसित करार बाँध्नेछु। म धनु, तरवार र लड़ाइँ देशबाट दूर गरिदिनेछु, कि सबै सुरक्षासाथ लेट्न सकून्। १९ म तँलाई सधैंको निम्ति मेरी पत्नी तुल्याउनेछु। म धार्मिकता र न्यायमा दृढ़ प्रेम र माया गरेर तँलाई पत्नी तुल्याउनेछु। २० म तँलाई ईमानदारीमा मेरी पत्नी तुल्याउनेछु, र तैंले परमप्रभुलाई चिन्नेछस्।" २१ परमप्रभु भन्नुहुन्छ, "त्यस दिन म आकाशलाई जवाफ दिनेछु, र आकाशले पृथ्वीलाई जवाफ दिनेछ। २२ पृथ्वीले अन्न, दाखमद्य र तेललाई जवाफ दिनेछ, अनि तिनीहरूले यिजरेललाई जवाफ दिनेछन्। २३ म मेरो आफ्नो निम्ति म त्यसलाई भूमिमा रोप्नेछु। जसलाई मैले "प्रिय नभएकी" भनेको थिएँ, त्यसलाई म दया देखाउनेछु। जसलाई मैले "तिमीहरू मेरा प्रजा होइनौ" भनेको थिएँ, तिनीहरूलाई म "मेरा प्रजा" भन्नेछु। अनितिनीहरूले भन्नेछन्, तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ।"

असक्षम् तथा अयोग्य मानिसहरूको निम्ति परमेश्वरको प्रेम कस्तो अगाध र अटल रहेछ भनेर होशेको गम्भिर तथा गहिरो सन्देशले खुलाएको हामी पाउँछौं। परमेश्वरमा जन वा उहाँले चुनिएका जाति भनेर गौरव गर्ने इस्राएलीहरू कसरी उहाँबाट खस्किन्दै गए भनेर उहाँले लामो वक्तव्यब्यद्वारा होशे २मा  सम्झाउन खोज्नु भएको थियो। परमेश्वरप्रति इस्राएलीहरूको विश्वासघाती अर्थात् आस्थाहिन काम परमेश्वरले देखाइरहनुभएको निरन्तर प्रेमको विपरित थियो। सजायँ भोगेपछि श्रीमानले आफ्नो श्रीमतीलाई जङ्गलमा लान्छन् र त्यहाँ तिनीहरूको विवाह हुन्छ भनेर होशेको वचनमा भनिएको छ।

त्यसकारण त्यस अध्याय दुःखान्त नभएर सुखान्तमा अन्त्य भएको पाइन्छ। भविष्यमा अझ असल घरजम जोडिनेछ भन्ने सन्देशले होशे २ अन्त हुन्छ। त्यस समय इस्राएलीहरूले पहिलाको जस्तै परमेश्वरमाथि प्रेम तथा अगाध श्रद्धा राख्न हौशला दिनुहुनेछ (होशे २:१२-१५)। श्रीमतीका लहरे बिरुवा र अन्जिर वा खुर्पानीका रूखहरूबाट जङ्गली जनावरहरूले बिगार्ने छैन वा खाने छैन। बरू, ती

जनावरहरू नयाँ करार वा सम्झौतामा सहभागी हुनेछन् (होशे २:१८)। सबै बालबालिकाहरूका नाउँ नयाँ हुनेछन्। सारा अस्वस्थतालाई निको पार्न र विगतका पापहरू क्षमा गर्न राजी हुनुभएको परमेश्वरको स्वभाव तिनीहरूको नयाँ नाउँले प्रतिविम्ब गर्नेछ।

**परमेश्वरले हाम्रा पापहरू सित्तैंमा क्षमा दिन चाहनुहुन्छ। तर त्यसको मोल परमेश्वरले कत्तिको चुकाउनु हुन्छ? होशेले पाएको अनुभवको आधारमा हामीलाई क्षमा दिन परमेश्वरले व्यक्तिगत रूपमा कस्तो मोल चुकाउनुभयो? त्यसको केही जवाफ होशे ३:१,२मा यसरी दिइएको छः "'परमप्रभुले मलाई भन्नुभयो, "जा, फेरि गएर तेरी पत्नीलाई तेरो माया देखा, हुन त त्यसलाई अर्को पुरुषले माया गर्छ र त्यो व्यभिचारिणी हो। त्यसलाई माया गर, जस्तो गरी परमप्रभुले पनि इस्राएलीहरूलाई माया गर्नुहुन्छ, यद्यपि तिनीहरू अन्य देवताहरूतिर लाग्छन् र ती पवित्र दाखका रोटीहरू मन पराउँछन्।' २ यसैले मैले त्यसलाई पन्ध्र शेकेल ओजनको चाँदी र अढ़ाइ मुरी जौ दिएर किनें। ३ तब मैले त्यसलाई भनें, "तिमी धेरै दिनसम्म मसँग बस्नुपर्छ। तिमीले वेश्या काम नगर्नू र कुनै पुरुषसँग घनिष्ठ नबन्नू, र म तिमीसँगै बस्नेछु।"**

इस्राएल देशमा पुरूष भएर हुर्कन्दा होशेले केही विशेष अधिकारको प्रयोग गर्ने उनको मातहतमा थियो। समाजमा आफू प्रतिष्ठित भएर बस्ने उनको अवसर थियो। तर प्रतिष्ठित वा सम्मानित व्यक्ति भएर बस्दा उनले ठूलो जिम्मेवार पनि वहन गर्नुपर्थ्यो। विश्वासघात गरेर पोइलो गएकी श्रीमतीलाई क्षमा दिएर आफूतिर फेरि फर्काउन ल्याउनु भनेको पौराणिक बाइबलको कालमा पुरूषले ठूलो मेहनत गर्नुपर्थ्यो। आफ्नो मात्र होइन पोइल गएकीबाट पाएको पतीका छोराछोरीहरूलाई पनि आफैले बाबु बनेर उसले सम्हाल्नु पर्थ्यो। होशेको जस्तो विश्वासघाती र चरित्रहिन श्रीमतीलाई फर्काएर उनको परपुरूषबाट पाएका छोराछोरीहरूलाई पनि घरभित्र हुल्याउनु भनेको समाजबाट आफै पनि बहिष्कार हुन उनले रोज्नुपर्थ्यो। यस्तो काम तत्कालिन समाजमा अमान्य थियो। होशेको जीवनमा यो जस्तो जटिल अनुभव शायद अरू कुनै पनि भएको थिएन होला।

तैपनि परमेश्वरकै निर्देशनमा आफ्नो इज्जतको ख्याल नगरी गोमरलाई होशेले किनेर ल्याए। परमेश्वरले पनि उहाँबाट फर्केर जाने

मानिसहरूलाई ठूलो मोल तिरेर किन्नुभयो। त्यो मोल थियोः **परमेश्वर** हुनबाट पन्छिन पनि राजी भएर येशू क्रुसमा मर्नु भयो। पापले गर्दा बर्बादमा परेको हामीलाई किन्नुपर्दा परमेश्वरले कस्तो मोल चुकाउनुभयो भन्ने स्पष्ट चित्रण यदि हामीले हेर्न चाहन्छौं भने क्रुसमा हेर्नुपर्दछ।

## ४. बागी इस्राएलप्रति परमेश्वरको आरोप (होशे ४:१-३)

इस्राएलीहरू नैतिक रूपमा भ्रष्ट भएको हुनाले परमेश्वरले तिनीहरूलाई महाअभियोग लगाउनुभएको थियो भनेर होशे ४:१-३मा यसरी बताउँछः "१ इस्राएलीहरू हो, परमप्रभुको वचन सुन, किनकि यस देशका बासिन्दाहरूमाथि परमप्रभुको आरोप छः "यस देशमा विश्वस्तता छैन, प्रेम छैन र परमेश्वरको मान्यता पनि छैन। २ यहाँ सराप दिनु, झूट बोल्नु, हत्या, चोरी र व्यभिचार गर्नुबाहेक अरू केही छैन। तिनीहरू सबै सीमा नाघेर हत्यामाथि हत्या गर्छन्। ३ यसैकारण यस देशले विलाप गर्छ, र यसमा बस्ने सबै क्षीण हुन्छन्, र वनका जन्तु, आकाशका पन्क्षी र समुद्रका माछाहरूसमेत पनि मरिरहेछन्।" मानिसहरूको चरित्रलाई माथिका पदहरूले पर्दाफास गर्दै फेरि परमेश्वरले थप्नुहुन्छः ४ "तर कसैले आरोप नल्याओस्, कसैले कसैलाई दोष नलगाओस्, किनकि तिमीहरूका मानिसहरू पूजाहारीको विरुद्धमा दोष लगाउनेहरूजस्ता छन्। ५ तिमीहरू रातदिन ठेस खान्छौ, र अगमवक्ताहरू पनि तिमीहरूसितै ठेस खान्छन्। यसरी तिमीहरू(लाई जन्मदिने) आमालाई म नाश गर्नेछु। ६ मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन्।" परमेश्वरसँग गरिएको सम्झौता वा करारलाई चुनिएका जाती वा राष्ट्रले भङ्ग गरेको कारणले तिनीहरू उहाँको सामु दोषी ठहरिएर उभिएका थिए। सत्यवादी हुनु, करूणामय हुनु र परमेश्वरको आत्मज्ञानमा लाग्नु नै उहाँसँग इस्राएलीहरू कतिको घनिष्ठ रहेर बसेका थिए भन्ने प्रमाण थियो। जब परमेश्वरले तिनीहरूसँग करारको पुनःनविकरण गरियो उपरोक्त स्वभावहरू उहाँले उहाँका जनहरूलाई उपहारको रूपमा दिनुभएको थियो भनेर होशे २:१८-२०मा उल्लेख गरिएको छ।

तर पापले गर्दा ती इस्राएलीहरू ती अनुग्रह अर्थात् परमेश्वरको सदाशयताका उपहारहरू गुमाएका थिए। परमेश्वरबिना तिनीहरू चरित्रहिन हुन पुगेका थिए। होशेले उल्लेख गरेका तिनीहरूको

अपराधले गर्दा सारा राष्ट्र नै निरङ्कुस बन्न पुगेको थियो। इस्राएलीहरूको जीवन पतन हुन वा भ्रष्टमा लाग्न केवल सर्वसाधारण जनताहरूमात्र जिम्मेवारी थिएन। धार्मिक अगुवाहरू चाहे तिनीहरू पूजारीहरू होउन् वा आत्मज्ञान पाएका अगमवक्ता वा समाजमा भएका परमेश्वरका आत्मिक प्रतिष्ठित व्यक्तिहरू होउन् सबैले राष्ट्रको पतनमा सहभागी भएका थिए। ती धार्मिक अगुवाहरूप्रति ठूलो गुनासो व्यक्त गर्दै देशलाई अधोगतीमा लान तिनीहरू जवाफदेही भएका थिए भनेर परमेश्वरले तिनीहरूलाई अभियोग लगाउनुभएको थियो। आत्मिक अगुवा हुनु भनेको खेलाँचीको काम होइन। तिनीहरूको जिम्मेवारी गऱ्हौं छ। यदि पाप र दुराचारीहरूलाई तिनीहरूले ठेगानमा लगाएन भने परमेश्वरको सामु तिनीहरू नै जवाफदेहि भएर खडा हुनुपर्थ्यो।

धार्मिक अगुवाहरूले धेरै समस्याहरूको सामना गर्नु परेको थियो। ती मध्ये आफूले नै रचिएका देवताहरूको मूर्ति बनाएर, “तपाईं नै भगवान हुन्" भनेर ढोग्ने चलन व्याप्त थियो। पौराणिक बाइबलको कालमा वा पुरानो करारमा मूर्तिपूजा गर्नु अत्यन्त गम्भिर पाप वा अपराध मानिन्थ्यो। त्यसको मूल कारण थियोः मूर्तिपूजा गर्नेले राष्ट्र र व्यक्तिको जीवनमा परमप्रभु सनातनका सृष्टिकर्ता परमेश्वरलाई सरासर इन्कार गरि आफूले नै सृजेका वास्तुकला वा धातुकलालाई देवता भनेर उपासना गर्न अग्रसर गराउँदछ। इस्राएल देश कृषीप्रधान देश थियो। यद्यपि त्यो देशमा सुख्खा मौसम बढी भएकोले वर्षाको आवश्यकता धेरै थियो। पानी पर्नु वा नपर्नु भनेको तिनीहरूको निम्ति जीवन र मरणको सवाल थियो। यस्तो जीवन दिने पानीको वर्षा पठाउने बाल देवता हुन् भनेर इस्राएलीहरूले विश्वास गरेर त्यस मूर्तीको पूजा गर्दथे। त्यो बाललाई हुरीबतासको पनि देवता भनेर मान्दथे। फेरि त्यो बालदेवता र अरू कतिपय देवीदेवताहरू इस्राएल देशको निम्ति नौलो पनि थिए। तिनीहरू परमप्रभुलाई नमान्ने अरू देशहरूबाट आयातित थिए। ती विदेशी देवीदेवताहरूको निम्ति तिनीहरूले मन्दिरहरू बनाएका थिए। अनेक किसिमका पापपूर्ण र अनैतिक चलन मिसाइएका संस्कारहरूको लहैलहैमा परमेश्वरका जनहरू लागेका थिए।

पत्थरलाई देवता भनेर मानेका हुनाले इस्राएलका राज्यका मानिसहरूका मन पनि पत्थर हुन पुगेका थिए जसले गर्दा अनेकन् सामाजिक अन्यायहरू व्याप्त भएको थियो। इस्राएलका धनी वा सामन्ती

वर्गहरूले गरिब तथा किसानी वर्गहरूलाई शोषण गर्ने गर्थे। गरिबहरूले धेरै मेहनत गर्नुपर्थ्यो र सामन्तीवर्गहरूले तिनीहरूले पाउनुपर्ने ज्याला भन्दा एकदमै थोरै ज्याला दिन्थे। इस्राएल देश विदेशी शक्ति असेरियाको कब्जामा थियो। त्यहाँका मानिसहरूले असेरियालाई कर तिर्नुपर्थ्यो। धनीहरूले गरिबलाई दिनुपर्ने पैसाले असेरियालाई कर दिन्थ्यो। धेरै धनी तथा सम्पन्न वर्गहरू यस्तो भ्रष्ट भएका थिए कि तिनीहरू चोर्न, ठग्न वा भ्रष्टाचार गर्न हिचकिचाउँदैनथे। त्यसकारण ती सामन्तीवर्गहरूमा भ्रष्टको आरोप पनि लागेका थिए (होशे १२:७,८)। सामाजिक रूपमा अन्याय भएको कारणले एक ताका शान्ति र सफल राष्ट्र बनेको इस्राएल राजनैतिक र सामाजिक भुमरीको चपेटामा पर्न गएको थियो। त्यो देशमा अव्यवस्थित ढँगले चलेको थियो। त्यहाँ हत्या र हिँसा बढेको थियो। यथार्थमा भनौं भने त्यो देश पूर्ण रूपमा विधि तथा नितिनियमा चलेको देखिन्नथ्यो।

"फेरि कतिपय धनीहरू पनि गरिबको खोल ओढेर परमेश्वरको सेवा गरेको देखाउँथ्यो। तिनीहरू ढोंगी थिए। तिनीहरूको स्वभावदेखि दुःख मान्नु स्वाभाविक थियो किनभने परमेश्वरले चिनेको छ, उहाँको आत्मज्ञानमा तिनीहरू कतिका लागेको छन् भनेर बाहिरीरूपमा देखाएतापनि उनीहरूको क्रियाकलापले परमेश्वरलाई पन्छाएको थियो। त्यस्त मानिसहरू परमेश्वरको ज्योतिमा छ भनेर देखाइएतापनि तिनीहरू अन्धकारमा नै थिए। परमेश्वरमाथिको सत्यमा आस्था राखेको तिनीहरूले दाबी त गर्दथे। तर तिनीहरूको कामले रतिभरपनि तिनीहरूको दाबीलाई प्रमाणित गर्दैनथ्यो। धनलाई केन्द्रविन्दु बनाएर त्यो मात्र कमाउनेले प्रवृत्तिले मानिसहरूलाई अत्यन्त स्वार्थी बनाउँछन्। धन नै शक्ति हो भनेर त्यस्ता मानिसहरूले दाबी गर्छन् । अनि प्रायजसो धनको लोभमा मानिस पर्दा असल र आदर्श चरित्र बन्ने उसको स्वभावलाई गतिहीन वा चेतनाहीन बनाउँछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ६८२बाट रूपान्तरित।

**धनी वा सामन्तीवर्गहरूको पर्दाफास याकूब ५:१-८मा यसरी गरिएको छः धनी मानिस हो! सुन, तिमीहरूमाथि आइपर्ने कष्टहरूका निम्ति रोओ र विलाप गर। २ तिमीहरूको धन सड़ेको छ, र तिमीहरूका पोशाकहरू कीराले खाएका छन्। ३ तिमीहरूका सुनचाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरूका विरुद्धमा साक्षी हुनेछ, र**

आगोले जस्तै तिमीहरूको शरीर खानेछ। तिमीहरूले आखिरी दिनहरूका निम्ति धन साँचेका छौ। ४ जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्, तिमीहरूले धोकाबाजी गरेर नदिएको तिनीहरूको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरूको पुकारा सेनाहरूका परमप्रभुका कानसम्मै पुगेको छ। ५ तिमीहरू यस पृथ्वीका सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ। बलिका दिनको निम्ति तिमीहरूले आफैलाई पुष्टाई राखेका छौ। ६ तिमीहरूको विरोध नगर्ने धर्मात्मालाई दोषी ठहराएर तिमीहरूले मारेका छौ। ७ यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर। हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अघिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पर्खिरहन्छ। ८ तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ।"

प्रभु येशूको मार्गमा हिंड्नेहरू त्यस्ता धनीहरूको प्रवृत्तिमा लाग्न सुहाँउँदैन र त्यस्ता आचरणबाट बाहिर निस्कनुपर्छ भन्ने सन्देश प्रकाश १४:६-१२मा यसरी दिएको छः “६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, “परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।” ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।” ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, “यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।” १२

**परमेश्‍वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्‍वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

**छ दिन परिश्रम गर भन्ने परमेश्वरको आदेश र अरूको हितको निम्ति काम गर भन्ने पावलको सुझावलाई (एफिसी ४:२८) मध्य नजर राखेर चाहे हामी धनी होस् वा गरिब होस् धनसम्पत्तिको लोभबाट ल्याउने दुर्गतीबाट हामी कसरी जोगिने त?**

## ५. पश्चातापको निम्ति आह्वान (यूहन्ना १७:३)

**“३ तब अनन्त जीवन के होत?, त्यो हो तपाईंलाई चिन्नु, एकमात्र सत्य परमेश्‍वरलाई चिन्नु, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिन्नु।" (यूहन्ना १७:३ न्यु इन्टरनाशनल रिभाइज भर्जन)।**

हिब्रू भाषामा होशेको अर्थ “परमेश्वरले उद्धार गर्नुहुन्छ हो।" त्यो नाउँको अर्थ यहोशू, यशैया र येशूको नाउँसँग पनि सम्बन्ध छ। परमेश्वरको अगमवक्ता होशेले मानिसहरूलाई आआफ्ना पापबाट फर्क भनेर आह्वान गर्दछन्। पापबाट फर्केर परमेश्वरमा सुरक्षित भएर बस्न तिनीहरूलाई सम्बोधन गर्दछन् किनकि उहाँ तिनीहरूको सृष्टिकर्ता र उद्धारकर्ता वा मुक्तिदाता हुनुहुन्छ। तब पापीहरूलाई परमेश्वरले किन सजायँ दिनुहुन्छ त भनेर होशेमा उल्लेखित छ? परमेश्वर चाहनुहुन्छ कि तिनीहरूले पाउनु पर्ने जीवन र बल उहाँबाटमात्रै पाउँछन् जहाँतिर तिनीहरू फर्कन्छन्। त्यसकारण होशेको पुस्तकमा जतिसुकै न्यायका चेतावनीहरू उल्लेख गरेतापनि त्यस पुस्तकको सार त यस्तो छः मानिसहरू पछुताउ गरेर परमेश्वरतिर फर्कुन् र परमेश्वर अत्यन्त क्षमाशील हुनुहुन्छ।

भ्रष्ट र पापको कारण अधोगतीको बाटोमा हिँडिरहेको राष्ट्रलाई होशेले पहिल्याउँछ, परमेश्वरलाई नचिनेको कारण वा उहाँको मार्गमा हिँड्न नचाहेको कारणले त्यो देश पापमा मरिरहेकाछन् (होशे ४:६)। पूर्ण रूपमा परमेश्वरको बारेमा आत्मज्ञान थाहा पाउनु र परमेश्वरको अनन्तको निति वा व्यवस्थासँग शान्तिपूर्वक जीउनु तिनीहरूको लक्ष्य हुनुपर्दछ। परमेश्वरको बारेमा सत्य आत्मज्ञान थाहा नपाएर नै मानिसहरू उहाँको विरूद्धमा चल्दछन्, जसको फलस्वरूप तिनीहरूले सजायँ पाउँदछन्।

बरू विश्वास, आस्था र आज्ञा पालन गरेर मानिसहरू आफैले परमेश्वरको बारेमा ज्ञान प्राप्त गर्न सक्दछन्। जसरी दाम्पत्य जीवनमा पती र पत्नीको बारेमा जानेर जति तिनीहरू एक आफसमा नजिक हुन्छन्, त्यसरी नै परमेश्वरको ज्ञान जति भयो त्यति मानिसहरू उहाँको नजिक हुनसक्छन्। त्यसैकारण परमेश्वर हामीसँग अत्यन्त नजिक हुनचाहनुहुन्छ भनेर उहाँले विवाहको प्रतिकद्वारा हामीलाई बुझाउन चाहनुहुन्छ।

त्यसको अर्थ यो पनि हो कि येशूभक्तको जीवन बिताउनु भनेको जीवित परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्नु हो। त्यसैकारण तिनीहरूलाई आफ्नो बारेमा थाहा पाउन् र तिनीहरूको जीवनमा उहाँको चाहना के छ त्यो पनि थाहा पाउन् भनेर परमेश्वरले आह्वान गर्नुहुन्छ।

पापले गर्दा परमेश्वर र मानिसहरूको बीचमा फाटो ल्याइयो। त्यसले गर्दा मानिसहरूमा त्राही त्राहीको वातावरण बनियो। तर हामी प्रत्येक उहाँको नजिक हुने प्रावधान परमेश्वरले जुटाउनुभएको छः त्यो हो क्रुसमा येशू मर्नुभएर। क्रुसको आत्मज्ञानद्वारा परमेश्वरलाई व्यक्तिगत रूपमा चिन्न अवसर उहाँले सबैलाई दिनुभएको छ।

**परमेश्वरको बारेमा जान्नु र व्यक्तिगत रूपमा उहाँलाई चिन्नुको बीचमा के भिन्नता छ? त्यस भिन्नताले हाम्रो जीवनको प्रत्येक पाइलामा कसरी असर गर्दछ। परमेश्वरलाई मैले कसरी चिन्ने भनेर कसैले सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ? परमेश्वरको बारेमा मात्र होइन उहाँलाई नै चिन्नु किन जरुरत छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछन्: प्रस्थान ३३:१२,१३, यर्मिया ९:२३,२४, दानिएल ११:३२ र १ यूहन्ना २:४?**

## उपसंहारः

**थप जानकारीः** "जब समय बित्दै गयो तब होशेले यो थाहा पायो कि मानिसहरूप्रति परमेश्वरको पिडा र दिग्दारीपनाको ऐना आफ्नो व्यक्तिगत अनुभव पो रहेछ। गोमरलाई फेरि बिवाह गरेर भित्राउ भनेर परमेश्वरले किन भन्नुभएको रहेछ भनेर जान्न खोज्दा आफूले पनि बेइज्जत र कष्ट सहनुपर्दा मात्र त्यसको भेद अगमवक्ताले थाहा पाए।.....

"मानिसहरूले गर्दा परमेश्वरको मनमा कस्तो चोट परेको रहेछ भनेर होशेले आफ्नै अनुभवद्वारा थाहा पाएको थियो। त्यसले अनुभवले

गर्दा इस्राएली जनहरूप्रति परमेश्वरको भावना थाहा पाएर उहाँप्रति अझ बढी सहानुभूति हुन त्यस अगमवक्ताले अवसर पाएका थिए।" अब्राहम हाश्केल, *द प्रोफेटस* (म्यासाचुसेटस्ः प्रिन्सप्रेस, २००१), पृ. ५६बाट रूपान्तरित।

"प्रत्येक प्रायश्चित गरेको मानिस यस पृथ्वीमा परमेश्वरले स्थापना गर्नुभएको मिल्न आउन् भन्ने उहाँको चाहना होशेले प्रतिक वा शव्दचित्रद्वारा आफ्नो पुस्तकमा कोरेका छन्। जसरी इस्राएलका दश कूलहरूको पुनउद्धार गर्ने परमेश्वरको योजना थियो त्यसरी नै दुःखित हृदयले परमेश्वरकहाँ आउने मानिसहरूको जीवन सार्थक बनाउने परमेश्वरको योजना थियो। जब परमेश्वरप्रति निष्ठ भएर इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा बसेका थिए तब उहाँले तिनीहरूलाई कसरी सम्पन्न बनाउनुभयो भनेर पनि होशेले सम्झाएका थिए। इस्राएलीहरूलाई आफ्नो कृपा र सदाशयता देखाउन परमेश्वर चाहनुभएको थियो, त्यसैले उहाँ भन्नुहुन्छ, 'अब म उनीलाई मतिर फर्काउनेछु तब उनलाई मैले मरूभुमीमा लैजान्छु। त्यहाँ उनीसँग कोमल भएर बोल्नेछु। उनले गुमाइका उनको बँगैचा फिर्ता गर्नेछु। आकोरको उपत्यका उनको निम्ति आशाको ढोका हुनेछ। जसरी उनी युवती भएको बेलामा मलाई प्रेम गरिन् त्यसरी नै उनले मलाई फेरी प्रेम गर्नेछिन्। जसरी इजिप्टबाट आउँदा उनले मलाई प्रेम गरेकी थिइन् त्यसरी नै उनले मलाई प्रेम गर्नेछिन् (होशे २:१४ न्यु इन्टरनेशनल रिभाइज भर्जन)'"-एलेन जी ह्वाइट, प्रोफेटस् आण्ड किङ्गस्, पृ. २९८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. मूर्तिपूजा भनेको केवल हामीले सृजना गरेका विभिन्न पत्थर, ढुङ्गा वा काठका आकृति तथा शिल्पकलाहरूलाई देवीदेवता भनेर ढोग्नु भनेर परिभाषा दिन रूचाउँछौं। त्यो परिभाषा उचित भएतापनि मूर्तिपूजा भनेको बाहिरका पत्थरलाई मात्र पूजा गर्नु नभएर हाम्रो जीवनमा के यस्ता गोप्य मूर्तीहरू छन् जसले परमेश्वरको स्थानमा तिनीहरूले ओगटेका छन् जसलाई हामी पूजनीय ठान्दछौं?

आ. परमेश्वरलाई चिन्नु भन्नुको अर्थ के हो ध्यान दिएर सोच्नुहोस्। "मैले परमेश्वरलाई चिनेको छु, मैले येशूलाई चिनेको छु" भनेर तपाईँ दाबी गर्नुको अर्थ के हो? परमेश्वरलाई व्यक्तिगत रूपमा चिन्नु र उहाँको बारेमा थाहा पाउनुको बीचमा के अन्तर छ? परमेश्वरको आत्मज्ञान तपाईँले कसरी पाउन सक्नुहुन्छ?

इ. बाइबलकै कतिपय चिन्तकहरूले परमेश्वर अपार हुनुहुन्छ र उहाँ मानविय भावनाभन्दा माथि हुनुहुन्छ भनेर सोच्दछन्। त्यसको अर्थ उहाँले मानविय वा अरूजीवहरूको पिडा वा हर्षप्रति संवेदनशील हुनुहुन्न किनभने उहाँले ती भावनाहरूमा परिचित हुनुहुन्न भनेर निश्कर्ष निकाल्दछन्। त्यस विषयमा तर्कवितर्क किन हुन सक्दछन् होला? यस्ता खालका सोचाइप्रति हामी किन सहमत छैनौं?

ई. हाम्रो मुक्ति कत्तिको महङ्गो रहेछ भनेर तपाईँले कहिलै सोच्नुभएको छ? क्रुसमा हामी मर्नुपर्ने ठाउँमा सृष्टिकर्ता येशू मर्नुभएर उहाँले परमेश्वर नहुने जोखिम लिनु भएको थियो। त्यती धेरै मोल हामी जाबो मानिसको निम्ति किन तिर्नुभयो? परमेश्वरको सामु हामीहरूको मोल कतीको रहेछ त भनेर त्यस कार्यले हामीलाई कसरी सचेत गराउँदछ?